नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(Intelligence)

फोन: ०१-४४११७७६
Ext: २५
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगंज, काठमाडौं

पत्र संख्याः१-०१-३७ (२०७८/०७९)    च.नं.    मितिः२०७८/०६/०६ गते।

प्रा.प.सं. :

## प्रेस विज्ञप्ती-३४

**" डा. भक्तमान श्रेष्ठ अपहरणमा संलग्न फरार प्रतिवादी ११ बर्ष पछि पक्राउ''**

मिति २०६७/०२/०४ गते बि.पि कोईराला क्यान्सर अस्पताल भरतपुरका कार्यकारी निर्देशक डा.भक्तमान श्रेष्ठ लाई जिल्ला चितवन भ.न.पा. वडा नं. १० हाकिमचोक स्थित हिमचुली विकास बैंक नजिक भित्री सडकवाट १२/१५ जनाको अज्ञात समूहले अपहरण गरी लगी १९ दिनसम्म बन्धक वनाई राखेकोमा फिरौती वापत रु.१,१०,००,०००।– बराबरको साँढे ३ किलो सुन लिएपछी मिति २०६७।०२।२२ गते अपहरण मुक्त गरी फरार रहेका राजेन्द्र कुमार पण्डित भन्ने राजेन्द्र पण्डित भारतको विभिन्न स्थानहरुमा लुकीछिपि बसेकोमा निज नेपाल आएको भन्ने विशेष सूचनाको आधारमा खोजतलास गर्दै जादा निजलाई मिति २०७८।०६।०५ गते जिल्ला नुवाकोट बिदुर न.पा. वडा नं. १२ मा यस ब्यूरोको टोलीले पक्राउ गरी फैसला कार्यान्वयनको लागी सम्मानित श्री जिल्ला अदालत काठमाण्डौं पठाईएको व्यहोरा सुचित गरिन्छ।

साथै, फैसला कार्यान्वयनको सिलसिलामा मिति २०७०।१०।२१ गतेको सम्मानित श्री पुनरावेदन अदालत हेटौडाबाट मुलिकी ऐन (२०२०) अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. वमोजिम ७ (सात) बर्ष कैद र सोही महलको ७ नं. वमोजिम २ (दुई) बर्ष थप कैद गरी जम्मा ९ (नौ) बर्ष कैद र ५०,००० (पचास हजार) जरिवाना ठहर भएको ब्यहोरा समेत जानकारी गराईन्छ।



**पक्राउ प्रतिवादीको विवरण :**

**नामः-** राजेन्द्र कुमार पण्डित भन्ने राजेन्द्र पण्डित
**वतन :-** जिल्ला नुवाकोट बिदुर न.पा. वडा नं.१२ मुलाबारी।
**वर्षः-** बर्ष ४५
**पक्राउ स्थान :** जिल्ला नुवाकोट बिदुर न.पा. वडा नं.१२ मुलाबारी।
**पक्राउ मिति :** २०७८।०६।०५ गते।

**उप-निर्देशक**
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बरः-९८५१२८४२२२

मिति : २०७८/०६/०६ गते।

Website: https://cib.nepalpolice.gov.np, E-mail: cib@nepalpolice.gov.np/cibrnd@nepalpolice.gov.np